सैनामैना नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुडनगर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

मिति २०८३/०५/१५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण भएको अपूरणीय जनधन र पूर्वाधारमा पुगेको क्षति तथा सर्वसाधारणले भोग्नुपरेको दुःख, पीडा र सास्तीप्रति सैनामैना नगरपालिका अत्यन्तै मर्माहत एवं दुःखी भएको छ। यस विनाशकारी बाढीका कारण ज्यान गुमाउनुहुने सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति नगरपालिका परिवार हार्दिक समवेदना व्यक्त गर्दै बाढीमा परी वेपत्ता भएका नागरिकको खोज तथा उद्धार र घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। यस विषम परिस्थितिमा बाढी प्रभावित क्षेत्रमा नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले यस नगरपालिकावाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा विपद् व्यवस्थापन कोष, जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूको समेत गरी कुल रु. ४०५००००।– (अक्षरुपी चालिस लाख पचास हजार ) भाद्र महिनाको सेवा सुविधावाट जम्मा गर्ने निर्णय गरियो।

<u>कोषमा जम्मा गरिने रकमको विवरण</u>

१. नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. ५०००००।–
२. जनप्रतिनिधिहरुबाट १० दिन बराबरको सेवा सुविधा ।
३. माध्यमिक प्रथम श्रेणीका शिक्षकहरुबाट १० दिन वरावरको तलव ।
४. अधिकृतस्तर कर्मचारी, माध्यमिक द्वितीय र तृतीय श्रेणी वा सो सरहका शिक्षकहरुवाट ७ दिन वरावरको तलव ।
५. सहायकस्तरका कर्मचारी, नि.मा.वि. र प्रा.वि. शिक्षकहरुवाट ५ दिन वरावरको तलव ।
६. नीजि श्रोतका शिक्षक, श्रेणीविहिन कर्मचारी, विद्यालय कर्मचारी तथा वाल विकास सहजकर्ताहरुबाट २ दिन वरावरको तलव ।

निर्णय नं. २

सैनामैना आधारभूत अस्पताल र स्वास्थ्य चौकीहरुबाट स-शुल्क प्रदान गरिने सेवाहरुको तपसिल बमोजिमको सेवाशुल्क (दररेट) स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि नं. | सेवाको किसिम | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | CBC | २५० | |
| २ | Platelets | ८० | |
| ३ | ESR | ५० | |
| ४ | Blood sugar fasting/RBS | ५० | |
| ५ | Lipid profile | ६०० | |
| ६ | Urea | १५० | |
| ७ | Creatinine | १५० | |
| ८ | Uric acid | १५० | |
| ९ | RFT | ६०० | |
| १० | Calcium | १५० | |

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ११ | Bilirubin | १५० | |
| १२ | LFT | ५०० | |
| १३ | RA factor | २०० | |
| १४ | CRP | २०० | |
| १५ | HBSAG | २०० | |
| १६ | VDRL | १५० | |
| १७ | TPHA | २०० | |
| १८ | HB | ५० | |
| १९ | Dengue | ४०० | |
| २० | Blood grouping | ५० | |
| २१ | Widal test | १०० | |
| २२ | Urine R/E | ५० | |
| २३ | Stool R/E | ५० | |
| २४ | HBA1C | ६०० | |
| २५ | Urine pregnancy | १०० | |
| २६ | CRP Quantitative | ८०० | |
| २७ | TSH | ५०० | |
| २८ | TFT | ८०० | |
| २९ | Sputum AFB | नि:शुल्क | |
| ३० | PMTCT/HIV | नि:शुल्क | |
| ३१ | Malaria parasite antigen | नि:शुल्क | |
| ३२ | Scrub typus | नि:शुल्क | |

<u>Minor Procedure तथा अन्य श-शुल्क दर रेट</u>

| सि नं. | सेवाको किसिम | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | एक्स-रे सेवा | ४०० (सिंगल एक्सपोजर)<br>५५० (डवल एक्सपोजर) | |
| २ | ई.सि.जि.सेवा | १५० | |
| ३ | एण्टीरेविज खोप सेवा | १०० प्रति पटक | |
| ४ | बिधार्थी प्रशिक्षण शुल्क | २००० प्रति महिना वा पटक | |
| ५ | बिरामी दर्ता शुल्क | २० | जेष्ठ नागरिक, म.स्वा.स्वय सेबिका, अपांग, असक्तलाई निशुल्क |
| ६ | मेडिकल सर्टिफिकेट | ५०० | रु ५००/- |
| ७ | प्रहरी घाउ जाच केश शुल्क | २०० | |
| ८ | Normal dressing | नि:शुल्क | |
| ९ | Major dressing | ५० | |
| १० | Small suture | नि:शुल्क | |

प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ११ | Large suture | २०० | |
| १२ | Suture removal | निःशुल्क | |
| १३ | Minor I and D | निःशुल्क | |
| १४ | Major I and D | २०० | |
| १५ | Nail excision under - LA | ५०० | |
| १६ | Debridement -small | निःशुल्क | |
| १७ | Debridement - large | २०० | |
| १८ | Nebulization | ३० | |
| १९ | Urinary catherization | ५०० | |
| २० | POP slab -upper limb | ४०० | |
| २१ | POP slab- lower limb | ५०० | |

निर्णय नं. ३

सैनामैना नगरपालिका सहायक कम्प्युटर अधिकृत छैटौ तहमा कार्यरत श्री अस्मित खड्काको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ति उपत्यका (देउखुरी) को च.नं. १२२८ मिति २०८२/०३/०१ को पत्रबाट स्थानीय निजामति सेवा ऐन, २०८१ को दफा ६१ को उपदफा (३) को खण्ड (ख) बमोजिम एक वर्षको असाधारण विदा स्वीकृत भएको र निजले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम थप एक वर्षका लागि असाधारण विदा माग गरेकोले ऐनको दफा ६४ को खण्ड (क) बमोजिम स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

३

निर्णय नं. ४

यस सैनामैना नगरपालिकाबाट विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np) मार्फत प्रकाशन भएका तपसिल बमोजिमका ५ (पाँच) वटा बोलपत्रहरूको सम्बन्धमा, सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंको प.सं. सू.प्र.-०८३/८४, च.नं. MIT/१८२, मिति २०८३/०५/११ को प्राप्त पत्रानुसार विद्युतीय खरिद प्रणाली (e-GP System) अर्को सूचना जारी नभएसम्मका लागि स्थगन भएको वेहोरा प्राप्त भएकोले उक्त पत्रको निर्देशन अनुसार यसअघि विद्युतीय प्रणालीमार्फत प्रकाशन भई म्याद समाप्त हुन बाँकी रहेका तपसिलका बोलपत्रहरू हाललाई रद्द गरि रद्द भएका बोलपत्रहरूको राष्ट्रियस्तरको दैनिक सञ्चार माध्यममा प्रकाशन गरी हार्डकपी (Hardcopy) मार्फत पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

तपसिल

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८३/०५/१५ गतेको कार्यपालिका वैठकका निर्णयहरु

| सि नं. | वोलपत्र नं. | निर्माण कार्य/खरिदको विवरण |
|---|---|---|
| १ | NCB/०१/०८३-८४ | Supply of School Furniture (HDHMR pre laminated Desk and Bench) at Sainamaina Municipality |
| २ | NCB/०२/०८३-८४ | Infrastructure Development Works in Rastriye, Paschim Parroha and Parroha Secondary School |
| ३ | NCB/०४/०८३-८४ | Road Infrastructure Works at Different Places of Ward No. ५ |
| ४ | NCB/०५/०८३-८४ | Rural Road Pavement Works including Drainage at Several Wards |
| ५ | NCB/०६/०८३-८४ | Road Infrastructure Works at Different Places of Ward No. ७ |

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख